# प्रत्यागमनको हल्ला

• मनोज बोगटी

कुवामा डुबीरहने
भ्यागुताहरूले
भरिएको अग्लो बिल्डिङ मात्र हो पृथ्वी।

यिनीहरू
खुशीका गीत गाइरहन्छन् बाक्लो स्वरमा
संत्रासित् स्वरमा।

– झरी पर्नू
छल्किएर पोख्खियोस् कुवा
र' देखोस् बिल्डिङमुनिको संसार

महङ्गा काला सूट पैह्रिएका
भ्यागुताहरूका बजारमा
मानवताको किनबेच भइरहेछ
रमाइरहेछ चेपेगाँड़ाहरू
कुवामा।

जीवनको झ्यालखानाबाट थाह छैन कहिले
निस्किएर भाग्यो ईश्वर
कुवामा डुबेका भ्यागुताहरूका यातना स्वरले
घायल भएर।

उः
जोड़-जोड़ले नारा लगाइरहेछन् भ्यागुताहरू
आफ्नो विजयमा
उः गीत गाइरहेछन् भ्यागुताहरू।

– सुन्यो कृष्ण ?
सुन्यौ अर्जुन ?

तिमीहरूले उच्चारण गरिरहेछन्
तिमीहरूका
'यदा, यदा ही धर्मस्य...' लाई।

□□□